# लक्ष्मी प्रसाद देवकोटा १०३ औं जन्मजयन्ती समारोह

आज मिति नोभम्वर १८, २०१२ साल आईतवारका दिन नेकासे भवनमा नेपाली साहित्य समिति, नेकासे, एड्मन्टन्ले आयोजना गरेको लक्ष्मी प्रसाद देवकोटाको १०३ औं जन्मजयन्ती समारोह सबै साहित्य प्रेमीहरुको सहयोगमा सफलताका साथ संपन्न भएको छ। वीस पच्चिस जना साहित्य अनुरागीहरुको उपस्थिती रहेको सो कार्यक्रम नेपालवाट हालै आउनु भएका जेष्ठ नागरिक श्री योग विलास अधिकारीज्यूबाट लक्ष्मी प्रसाद देवकोटाको फोटोमा माल्यार्पण गरी कार्यक्रम शुभारम्भ गरिएको थियो। यस पश्चात कुशुमाकर शर्माज्यूले लक्ष्मी प्रसाद देवकोटाको संक्षिप्त जीवनि र उँहाका कृतिहरुवारे प्रकाश पार्नु भएको थियो। कुशुम ज्ञवालीज्यूले देवकोटाका वहुआयामिक कृतिहरु, नेपाली साहित्य र समाजमा  उहाँको अमूल्य योगदान र किन लक्ष्मी प्रसाद देवकोटा आज पनि हाम्रो सामु पूज्यनीय र संझना गर्न योग्य छन् र गर्छौं भन्ने वारे जानकारी गराउनुका साथै देवकोटाका योगदानलाई विश्वब्यापीरुपमा चिन्हाउन हामीले जमर्को गर्नु पर्ने कुरा व्यक्त गर्नु भएको थियो।

यस पश्चात् उपस्थित सात जना प्रतिभावान कविहरुले आफ्ना कविताहरु वाचन गरी नेपालवाट टाढा यस एड्मन्टन् शहरमा नेपाली साहित्य प्रति एक अमूल्य आयाम थप्नु भएको छ। कार्यक्रमको अन्त्यमा नेकासेको तर्फवाट डा. विनोद राजभण्डारीज्यूले उपस्थित सवै साहित्य प्रेमीहरु र आयोजकलाई धन्यवाद दिंदै यस्ता कार्यक्रमहरु भविष्यमा सुचारु रुपले संचालन हुनु पर्ने कुरामा जोड दिदैं समारोहको समापन गर्नु भयो।

अन्त्यमा हिँउ, जाडो, चिप्लो वाटो नभनी ढिलो चाँडो जसरी भए पनि समारोहमा उपस्थित भई कार्यक्रम सफल पार्नु हुने  सवै महानुभावहरुलाई नेपाली साहित्य समिति, नेकासे, एड्मन्टन्को तर्फवाट हार्दिक धन्यवाद दिन चाहन्छु। साथै चाहँदा चाहँदै पनि समारोहमा आउन नभ्याउने सवै साहित्य अनुरागीहरुलाई नेकासेको वेभसाइटमा आज वाचन गरिएका अमूल्य कविताहरु (केही समय पश्चात राखिने छ) पढ्नु हुन हार्दिक अनुरोध गर्दछु।

धन्यवाद।

डा. दिपक नाथ ओझा
संयोजक
नेपाली साहित्य समिति, नेकासे, एड्मन्टन्